श्री

उच्च अदालत पाटन

वाणिज्य इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री गणेश प्रसाद बराल

माननीय न्यायाधीश श्री राजुकुमार खतिवडा

आदेश

मुद्दा नं :०८२-CB-००५२

मुद्दाः बैंकिङ्ग कसूर।

नेपाल राष्ट्र बैंकका विज्ञ टोली तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले नेपाल सरकार.....वादी

विरुद्ध

अशोक शेरचन.....प्रतिवादी

निवेदनपत्रसाथ उपस्थित भएका प्रतिवादी अशोक शेरचनको बयान कार्य सम्पन्न भै अभियोग पत्रसहित मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा तथा प्रतिवादी अशोक शेरचनको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद सापकोटा, श्री माधव बास्कोटा, श्री रमण कुमार श्रेष्ठ, र श्री भिमसेन बन्जारा एवं विद्वान अधिवक्ताद्वय श्री धर्मराज रेग्मी र श्री रामकृष्ण लामिछानेले गर्नु भएको बहस समेत सुनियो।

यसमा यी प्रतिवादी अशोक शेरचन विरुद्ध विप्रेषण (Remittance) वापतको Advance रकमको व्याज रु.८,९३,१९,९८६।३० (आठ करोड त्रियानब्बे लाख उन्नाइस हजार नौ सय छ्यायासी रुपैंया तीस पैसा) र संचालक समितिको निर्णय नगराई गुण एयरलाइन्स प्रा.लि. को नाममा रु.१५,००,००,०००।– (पन्ध्र करोड रुपैंया) ऋण प्रवाह गरेकोले निज विरुद्ध बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ को (घ) र दफा ८ र ९ (२) को कसूरमा विगो रु.२०,१७,६७,३३४।३० (बीस करोड सत्र लाख सतसट्ठी हजार तीन सय चौंतीस रुपैंया तीस पैसा) कायम गरी सोही ऐनको दफा १५ को उपदफा (२) को (ङ) बमोजिम सजायको अभियोग दाबी रहेको देखिन्छ।

प्रतिवादी अशोक शेरचनले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा ऋणि संस्था गुण एयरलाइन्सलाई कर्जा प्रवाह गर्दा पछि अनुमोदन गराउने गरी संचालक समितिको पूर्व स्वीकृत नलिई ऋण प्रवाह गरेको भन्ने स्वीकार गरेको देखिएको छ। साथै प्रभु बैंकलाई प्राप्त हुनुपर्ने रु.८,९३,१९,९८६।३० (आठ करोड त्रियानब्बे लाख उन्नाइस हजार नौ सय छ्यायासी रुपैंया तीस पैसा) ब्याज बैंकमा प्राप्त नभएको भन्ने प्रभु बैंकको पत्रबाट खुलेको भन्ने अभियोग ब्यहोरा रहेको छ। घटना विवरण कागज गर्ने प्रभु बैंक लि. मा कार्यरत कर्मचारी जयलाल न्यौपाने, दिपेश पोखरेल समेतले बैंकका प्रमुख कार्यकारी अधिकृत प्रतिवादी अशोक शेरचनको निर्देशनमा संचालक समितिबाट निर्णय हुनु अघि नै ऋण प्रवाह गरिएको भनी गरेको घटना विवरण कागजबाट सञ्चालक समितिबाट निर्णय नभई ऋण प्रवाह भएको तथ्य समर्थित भएको छ। साथै नेपाल राष्ट्र बैंकको प्रतिवेदनहरु, प्रहरी प्रतिवेदन, प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको बयान, घटना विवरण कागज गर्ने व्यक्तिहरुको कागज व्यहोरा, सह प्रतिवादीहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान, प्रकृया पुरा नगरी कर्जा प्रवाह गरी कर्जा दुरुपयोगमा यी प्रतिवादी समेतको मिलेमतो रहेको भन्ने अभियोग दावी, यी प्रतिवादी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा रही निजको जिम्मेवारी र भुमिका लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी निर्दोष रहेछन भनी मान्न सकिने अवस्था नहुँदा पछि ठहरे बमोजिम हुने गरी मुद्दा पुर्पक्षको लागि यी प्रतिवादी अशोक शेरचनलाई कानून बमोजिमको सिधा खान पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कानून बमोजिमको थुनुवा पूर्जि दिई सम्बन्धित कारागारमा पठाइदिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल असोज महिना २० गते रोज ३ शुभम्.....।

<u>आदेश सुनी सही गर्ने</u>

प्रतिवादी अशोक शेरचन